ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST:18:40 hrs.                    Date: 08.01.2026

मंगन जिल्ला

भारतको निर्वाचन आयोगको निर्देशनअनुसार आज मंगन जिल्लामा मान्यताप्राप्त राजनीतिक दलका प्रतिनिधिहरूसँग मासिक समन्वय बैठक जिल्लापाल तथा जिल्ला निर्वाचन अधिकृतको कार्यकक्षमा सम्पन्न भयो। बैठकको उद्देश्य निर्वाचन प्रक्रियासम्बन्धी महत्वपूर्ण विषयमा छलफल गर्दै राजनीतिक पक्षहरूसँग समन्वयलाई थप सुदृढ गर्नु रहेको थियो। बैठकको अध्यक्षता जिल्ला निर्वाचन अधिकृत  अनन्त जैनले गर्नु भएको थियो। उहाँले विशेष गहन संशोधन (Special Intensive Revision) अन्तर्गत हाल सञ्चालनमा रहेका तथा आगामी गतिविधिबारे जानकारी दिँदै मतदाता सूची म्यापिङ, योग्य मतदाताको समावेशीकरण तथा प्रमाणीकरण प्रक्रियामा विशेष जोड दिनुभयो।

श्री जैनले राजनीतिक दलका प्रतिनिधिहरूलाई मतदाता पुनरावलोकन प्रक्रियाबारे जनचेतना फैलाउन सक्रिय भूमिका खेल्न तथा कुनै पनि त्रुटि, गुनासो वा सुझाव भए तोकिएका माध्यममार्फत समयमै जानकारी गराउन आग्रह गर्नुभयो। बैठकमा, मंगन जिल्लाका संयुक्त सचिव कर्मा शेर्पा तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

नाम्ची जिल्लाकी

आगामी माघे सङ्क्रान्ति मेला लाई मध्यनजर गर्दै नाम्ची जिल्लाकी प जिल्लापाल अनुपा ताम्लिङको नेतृत्वमा आज जोरथाङमा विपद् व्यवस्थापन तथा आपतकालीन तयारीको अवस्थाबारे संयुक्त निरीक्षण गरिएको छ। निरीक्षण आपतकालीन सेवासँग सम्बन्धित विभिन्न लाइन विभागका अधिकारीहरूको सहभागितामा सम्पन्न भएको हो।

निरीक्षणका क्रममा डीसी ताम्लिङले मेलाका लागि तोकिएका विभिन्न स्थलहरूमा आपतकालीन सेवाहरूको तयारी, उपकरणको उपलब्धता तथा प्रतिकार्य क्षमताको मूल्याङ्कन गर्नुभयो। उहाँले मेला अवधिमा कुनै पनि अप्रिय घटना वा विपद् आइपरेमा छिटो र प्रभावकारी रूपमा समाधान गर्न आवश्यक सतर्कता अपनाउ निर्देशन दिनुभयो।

डीसी ताम्लिङले व्यवसायीहरूलाई पर्याप्त हावाप्रवाह हुने गरी खुला स्थान राख्न, आपतकालीन समयमा निस्कनका लागि छुट्याइएका बाटो सुनिश्चित गर्न सजिलै प्रयोग गर्न सकिने स्थानमा अग्निनिवारक यन्त्र राख्न निर्देशन दिनुभयो।

त्यसैगरी, उहाँले सम्बन्धित अधिकारीहरूलाई 12 जनवरी 2026 मा विपद् तयारीसम्बन्धी मक ड्रिल सञ्चालन गर्न निर्देशन दिनुभयो।

फोटोग्राफी तालिम

वाणिज्य तथा उद्योग विभागले टोपाज प्रिन्ट एण्ड पब्लिकेसनको सहकार्यमा आज नाम्चीस्थित सूचना तथा जनसम्पर्क विभागको पुस्तकालयमा दुई महिनाको आधारभूत फोटोग्राफी तालिम कार्यक्रमको औपचारिक उद्घाटन गरेको छ। उक्त तालिम कार्यक्रम भारत सरकारको सूक्ष्म, साना तथा मध्यम उद्यम मन्त्रालय (MSME) द्वारा गरिएको हो।

उद्घाटन कार्यक्रममा नाम्ची जिल्लाकी जिल्ला सूचना अधिकारी दीप्ति प्रधान तथा जिल्ला उद्योग केन्द्र नाम्चीका निरीक्षक अजय तामाङको उपस्थिति रहेको थियो। मुख्यतः युवाहरूलाई लक्षित यस तालिम कार्यक्रमको उद्देश्य सहभागीहरूलाई फोटोग्राफीसम्बन्धी आवश्यक सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्दै आत्मनिर्भरता अभिवृद्धि गर्नुका साथै उद्यमशीलताको सम्भावना सिर्जना गर्नु रहेको छ।

दुई महिनासम्म सञ्चालन हुने यस तालिममा 20 जना सहभागीहरूको सहभागिता रहेको छ। तालिमअन्तर्गत शैक्षिक भ्रमणमार्फत जमिनी अनुभव प्रदान गरिनेछ भने सहभागीहरूको सिर्जनशीलता प्रोत्साहन गर्न फोटोग्राफी प्रतियोगिता पनि आयोजना गरिनेछ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने सहभागीहरूलाई उन्नत तालिमका अवसर प्रदान गरिने बताइएको छ।

DOMANG TERSAR

नाम्ची जिल्लाको राभाङला स्थित ल्हात्सन धर्म केन्द्रको आयोजनामा बिहारको बोधगयामा छैटौँ सिक्किम दोमाङ तेरसार चेतसोक श्रद्‍धा र भव्यताका साथ सम्पन्न भएको छ।उक्त पवित्र धार्मिक समारोह युक्सोम तथा

खाण्डुलाका  रिन्पोछे र युक्सोमका ताशी छेम्सोको आध्यात्मिक मार्गदर्शनमा सम्पन्न भएको हो।

आजको कार्यक्रममा  विधायक रिकसाल दोर्जी भुटिया प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको  थियो।

Gold Cup

माघे संक्रान्तिलाई लक्षित गरी जारी रहेको 11औँ All India Chief Ministers Gold Cup Football  Tournament-को  आज जोरेथाङको फुटबल स्टेडियममा चौथो दिनको खेल सम्पन्न भएको छ। उक्त खेल Ramhlun FC (मिजोरम) बनाम सिक्किम पुलिसको भिडन्त  भएको थियो।कार्यक्रममा तिमी–नामफिङ क्षेत्रका विधायक तथा आबकारी विभाग र सिक्किम राज्य लटरी निर्देशनालयका सल्लाहकार  बेदु सिंह पन्थ प्रमुख अतिथिका रूपमा उपस्थित रहनुभएको थियो।

रोमाञ्चक खेलमा रामह्लुन एफसी (मिजोरम) ले 2-1गोलको अन्तरले सिक्किम पुलिसलाई पराजित गर्दै जित दर्ता गर्न सफल भयो।

आकाशवाणी गान्तोकबाट सुन्दै हुनुहुन्थ्यो समाचार पुरा भयो,